# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आषाढ १० गते ०९ साल

भाग ३

## सिभिल सप्लाइज विभागयके।

### सूचना

सदर इलाकाबा रिटेलर लाइसेन्सको विषय नियमको (ङ) दफामा म्याद
भित्र कपडा नउठाएमा निजको लाइसेन्स रद्दी गरी पछिसमेत लाइसेन्स नपाउ
गरिनेछ भन्ने लेखिएको र म्यादका हकमा गत पत्रपत्रिकामा छापी प्रकाश भएको
तापनि सो सूचनाको म्यादमा लिन नसकेका रिटेलरहरूको यो १ पटकको कप
डा पाइनेछैन । कोटा नटुटी लाइसेन्सको प्रथा रहिरहयो भने सो लाइसेन्स ०
स.लभर बहाल रहनेछ र पछि जतिपटक कपडा दिन पुग्छ, उतिपटकको इजाज
गरी दिनेछ।

डाइरेक्टर,
सिभिल सप्लाइज विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना

जनसंख्याबमोजिम मैन्हा मैन्हामा नुन पाउने नेपाल सदर ४ भन्ज्याङ-भित्रका जनताबाहेक पूर्व पश्चिम ११ नं.का र ४ भन्ज्याङबाहिर ललितपुर दख्खिनतर्फका जनतालाई वर्षा लागेपछि आउन मुस्किल पर्ने र खेतिपाती-को समेत टायम भएको हुनाले ना. सु. विष्णुलालमार्फत आउने धरंगधरा ३ भने नुन बोरा १००० एकहजारमध्ये हाल काठमाडौं आइपुगेको नुन बोरा १०० हालै ०६ साल आषाढ ७ गतेदेखि बिक्री हुने र बाँकी आइपुग्ना-साथ बिक्री गर्ने गरी मोरू १ को नुन माना ६ छ कन्ट्रोल दर कायम भै का. इ. पकनाजोलमा १, टुँडीखेलमा १ समेत २ दुइ ठाउँमा हाललाई सो नुन बोरा १००० बिक्री हुने बन्दोबस्त भएको हुनाले पू. प. ११ नं.का र ४ भन्ज्याङ-बाहिर ल. पु. दख्खिनतर्फका जनताहरुले थाहा पाउन् भन्ना निमित्त यो सूचना प्रकाश गर्ने काम भएको छ।

डाइरेक्टर,
सिभिल सप्लाइज विभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।